**संघीय संसद**

# राष्ट्रिय सभा

## दिगो विकास तथा सुशासन समिति

मिति : २०७५/४/२२
बैठक संख्या : १

### निर्णय

१. समितिको आजको बैठकमा समितिमा रहनु भएका माननीय सदस्य र सचिवालयका कर्मचारीहरु बीच परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

२. समितिको भावी कार्ययोजना निर्माणका लागि समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. नेपाल सरकारले अंगीकार गरेको राष्ट्रिय प्राथमिकताको विषय “सुशासन र समृद्धि” का बारेमा हालसम्म भएको प्रगती, देशको समग्र सुशासनको हालको अवस्था र भावी कार्ययोजनाका बारेमा जानकरी लिन समितिको आगामी बैठकमा माननीय गृह मन्त्रीसँग छलफल गर्ने निर्णय गरियो ।

४. नेपाल सरकारले दिगो विकासका लक्ष्यहरु प्राप्तितर्फ गरेको प्रतिवद्धता, हालसम्मको प्रगति विवरणका सम्बन्धमा नेपाल सरकारका माननीय अर्थ मन्त्री र राष्ट्रिय योजना आयोगका पदाधीकारीसँग समितिका आगामी बैठकमा छलफल गर्ने र उक्त लक्ष्य प्राप्तितर्फ हालसम्म भएका प्रगति र भावी कार्ययोजनाको बारेमा विवरण उपलब्ध गराई दिनको लागि राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने निर्णय गरियो ।

समितिको अर्को बैठक पछि सूचना जारी गरेपछि बस्ने गरी आजको बैठक स्थगितभयो ।

दिगो विकास तथा सुशासन समिति